Australian Human Rights Commission
everyone, everywhere, everyday

# एउटा उजुरी गर्ने

अष्ट्रेलियाई मानव अधिकार आयोग(Australian Human Rights Commission) एक स्वतन्त्र निकाय हो जसले अवैध यौन सम्बन्ध, जाति, अशक्तता र उमेर भेदभाव, ILO III भेदभाव र मानव अधिकारको उल्लंघन सम्बन्धी उजूरीको छानबिन र समाधान गर्दछ।

## हामीलाई के को बारेमा उजुरी गर्न सक्नुहुनेछ

- ***यौन भेदभावले*** यौन उत्पीडन र लिंङ्गको आधारमा भेदभाव, लैङ्गिक पहिचान,अन्तर लैंङ्गिक स्थिति, गर्भावस्था, वैवाहिक वा नाता सम्बन्धको स्थिति, स्तनपान, पारिवारिक जिम्मेवारी र यौन झुकावको आधारमा भेदभाव समावेश गर्दछ।
- ***अशक्तता भेदभावले*** शारीरिक, बौद्धिक, संवेदीनशिलता, अध्ययन र मनोवैज्ञानिक अशक्तता; रोग वा बिमारी; चिकित्सा अवस्था; काम सम्बन्धित चोटपटकहरू; भूत, वर्तमान र भविष्यका अक्षमताहरू; र अशक्तता एड्स; सहायताको लागि जनावरहरू र एक अशक्तताको व्यक्ति संगको मित्रता गर्नेहरुमा आधारित भेदभाव समावेश गर्दछ।
- ***जाति भेदभावले*** जाति, रंग, वंश, राष्ट्रिय वा साम्प्रदायिक मूल र आप्रवासी स्थितिको आधारमा जातीय घृणा र भेदभाव समावेश गर्दछ।
- ***उमेर भेदभावले*** धेरै जवान वा धेरै उमेर भएको(बृद्धता)मा आधारित भेदभाव सामवेस गर्दछ।
- ***ILO III d भेदभावले*** धर्म, आपराधिक अभिलेख, ट्रेड यूनियन गतिबिधी, राजनैतिक विचारधारा र सामाजिक मूलको आधारमा रोजगारीमा भेदभाव समावेस गर्दछ।
- ***मानव अधिकार*** ले राष्ट्रमण्डलको वा त्यसका मातहतका कार्यहरू जुन नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, बच्चाको अधिकार सम्मेलन र अशक्त व्यक्तिको अधिकार सम्मेलन जस्ता विशिष्ट अन्तर्राष्ट्रिय मानव अधिकार साधनहरूको उल्लंघन गरेको आरोप लगाइएको कुराहरु समावेश गर्दछ।

तपाइँ अष्ट्रेलियामा जहाँ बस्नु भएको छ भनेपनि आफ्नो गुनासो गर्न सक्नुहुन्छ र गुनासो गर्नको लागि यसको कुनै खर्च लाग्नेछैन। उजूरी प्रक्रियाका चरणहरू तल वर्णन गरिएका छन्।

## एउटा सोधपुछ गर्ने

- यदि तपाईलाई निश्चय छैन कि यदि तपाईले केहि कुराको बारेमा उजुरी गर्न सक्नुहुन्छ हुन्न भएमा, तपाईले आयोगको राष्ट्रिय जानकारी सेवालाई १३०० ८६८ ४१९ मा फोन गरेर वा ई-मेल द्वारा infoservice@humanrights.gov.au मा सम्पर्क गर्न सक्नुहुनेछ।
- हामी प्रकृया शुरु गर्नकोलागि गजुरीको फारम पठाईदिन सक्नेछौं।
- यदि हामीले मद्दत गर्न नसकेमा, हामी कसले गर्न सक्दछ उनिहरुको मा सिफारिस गर्न प्रयास गर्नेछौं।

## एउटा उजुरी गर्ने

- उजुरी अनिवार्य रुपमा लिखित हुनुपर्दछ। तपाईले उजुरी फारम भर्न सक्नुहुनेछ र हुलाक वा फ्याक्स बाट हामीलाई फिर्ता पठाउन सक्नुहुनेछ वा तपाईले उजुरी अनलाईनमा www.humanrights.gov.au वेभसाईटमा गएर गर्न सक्नुहुनेछ।
- तपाईले आफ्नो सहजको भाषामा उजुरी गर्न सक्नुहुनेछ र यदि आवश्यक परेको खण्डमा हामी तपाईको उजुरी लेख्नकोलागि मद्दत गर्न सक्नेछौं।
- उजुरी गर्नकोलागि तपाईलाई वकिलको आवश्यकता पर्दैन।
- यदि हामी तपाईको उजुरी सामना गर्न नसकेमा, हामीले किन नसकेको कारण बताउनेछौं

## अनुसन्धान

- हामी तपाइँको गुनासोको बारेमा कुरा गर्न तपाइँलाई सम्पर्क गर्नेछौं र हामी तपाइँलाई थप जानकारी प्रदान गर्न भन्न सक्छौं।
- सामान्यतया, आयोगले तपाईंले गुनासो गरिरहनु भएको व्यक्ति वा संस्थालाई सम्पर्क गर्दछ र उनिहरुलाई तपाईंको गुनासोको प्रतिलिपि प्रदान गर्दछ। हामी उनीहरूलाई विशेष जानकारी र / वा तपाईंको गुनासोको जवाफ प्रदान गर्न भन्नेछौं। तपाइँको गुनासोको जवाफमा आयोगलाई प्रदान गरिएको जानकारीमा व्यक्तिगत सम्वेदनशील सहित तपाइँको जानकारी समावेश हुन सक्छ।
- केहि परिस्थितीहरुमा, हामी तपाईंको गुनासोको सामना गर्न निरन्तरता नगर्ने निर्णय गर्न सक्छौं। यदि यस्तो भयो भने, हामी किन यस ो भएको हो व्याख्या गर्नेछौं।
- हामी तपाईंसँग आपसी मेलमिलापबाट गुनासो सुल्झाउने प्रयासको बारेमा कुरा गर्न सक्छौं।

## मेलमिलाप

- मेलमिलापको अर्थ हो कि हामी तपाईंलाई र व्यक्ति वा संगठनलाई तपाईंले समस्या सुल्झाउने उपाय पत्ता लगाउन मद्दत गर्ने प्रयास गर्नु भएको छ।
- मेलमिलाप आमुन्ने सामुन्ने भेटघाट बाट हुन सक्छ जसलाई "मेलमिलाप सम्मेलन" भनिन्छ वा टेलिफोन सम्मेलन मार्फत पनि हुन सक्दछ। केहि परिस्थितीहरुमा, गुनासोहरू ई-मेल र वार्तालापहरूको मेलमिलाप सुल्झ्याउने व्यक्ती मार्फत समाधान गर्न सकिन्छ।
- गुनासोहरू विभिन्न तरीकाहरुले समाधान गर्न सकिन्छ। उदाहरण को लागी, एक माफी मागेर, नीति या क्षतिपूर्तिमा परिवर्तन गरेर।

## संभावित अदालती करवाही – लिंङ्ग, अशक्तता, जाति र उमेर भेदभाव

- यदि गैरकानूनी भेदभाव भएको छ भने आयोगको निर्णय गर्ने अधिकार
- यदि तपाईंको गुनासो समाधान भएन भने वा केही अन्य कारणले रोकिन्छ भने, तपाईंले मुद्दालाई अदालतमा लैजान सक्नुहुन्छ। अदालतले यदि गैरकानूनी भेदभाव भएको छ कि छैन निर्णय गर्न सक्दछ।

- तपाईंसँग आयोगले गुनासो अन्त्य गरेको दिन देखी तपाई अष्ट्रेलियाको संघीय सर्किट अदालत(Federal Circuit Court of Australia) वा अष्ट्रेलियाको संघीय अदालत(Federal Court of Australia)मा आवेदन दिन संग ६० दिनको म्याद हुनेछ।
- आयोगले यो कुरा तपाईंको लागि अदालतमा लैजान वा तपाईंको मुद्दा अदालतमा पेश गर्न सहयोग गर्न सक्दैन।
- यदि तपाई अदालत जान चाहानुहुन्छ भने तपाईंले वकिल वा कानूनी सेवासँग कुरा गर्नुपर्ने हुन सक्छ।

## निर्णय/ रिपोर्ट – ILO III भेदभाव र मानव अधिकार

- यदि गुनासो कुनै अन्य कारणले समाधान गरिएको छैन वा समाप्त गरिएको छैन भने आयोगका अध्यक्षले यदि ILO III भेदभाव वा मानव अधिकार उल्लङ्घन भएको छ छैन निर्णय लिन सक्नेछ।
- यदि प्रमुख अधिकारी सन्तुष्ट छन् कि भेदभाव वा मानव अधिकार उल्लङ्घन भएको छ भनेर, प्रमुख अधिकारी ले संघीय महाधिवक्तालाई उक्त मुद्दा रिपोर्ट गर्न सक्दछन्। प्रतिवेदनमा, प्रमुख अधिकारी ले कुनै व्यक्तिले भोगेको कुनै पनि क्षति वा चोटपटकको क्षतिपूर्तिको सिफारिश गर्न सक्दछन्। यो प्रतिवेदन संसदमा पनि प्रस्तुत गर्न सकिन्छ।.
- प्रमुख अधिकारीको मानव अधिकर निर्णय को उदारहणहरुआयोग को वेभसाईट मा http://www.humanrights.gov.au/publications/reports-minister-under-ahrc-act उपलब्ध छ।

## मैले थप जानकारी कहाँ हासिल गर्न सक्दछु?

अष्ट्रेलियाली मानव अधिकार आयोग(Australian Human Rights Commission)को सम्पर्क विवरणहरु:

**टेलिफोन**
राष्ट्रिय जानकारी सेवा: १३०० ६५६ ४१९
TTY: १८०० ६२० २४१
NRS: १३३ ८७७
फ्याक्स: (०२) ९२८४ ९६११

यदि तपाईलाई दोभाषेको आवश्यक परेमा तपाईले १३१ ४५० मा फोन गरेर अष्ट्रेलियाली मानव अधिकार आयोग(Australian Human Rights Commission)मा सम्पर्क गराईदिन भन्न सक्नुहुनेछ।

यदि तपाई बहिरा वा कान कम सुन्ने व्यक्ती हुनुहुन्छ भने तपाईले TTY को १८०० ६२० २४१ मा सम्पर्क गर्न सक्नुहुनेछ। यदि तपाई बहिरा वा कान कम सुन्ने व्यक्ती हुनुहुन्छ भने तपाईले National Relay Service (NRS) को १३३ ६७७ द्वारा सम्पर्क गर्न सक्नुहुनेछ। यदि तपाईलाई असलान दोभाषेको आवश्यक परेमा, हामी त्यसको व्यवस्था गरिदिन सक्नेछौं।

यदि तपाई अन्धा वा आँखा कम देख्ने व्यक्ती हुनुहुन्छ भने, हामी अनुरोधको आधारमा वैकल्पिक संरचनाको जानकारीहरु उपलब्ध गराउन सक्नेछौं।

**हुलाक**
GPO Box 5218
Sydney NSW 2001

**अनलाईन**
ई-मेल: infoservice@humanrights.gov.au
वेभसाईट: www.humanrights.gov.au

तपाईले अनलाईनमा उजुरी गर्न सक्नुहुनेछ
http://www.humanrights.gov.au/complaints/lodging-your-complaint.

## साधारण कानूनी सुझावको लागि

यदि तपाईं गुनासो गर्ने बारेमा सोच्दै हुनुहुन्छ भने, तपाईंले कानुनी सल्लाह लिन सक्नुहुनेछ। त्यहाँ समुदाय कानूनी सेवाहरू छन् जसले भेदभाव र उत्पीडनको बारेमा निःशुल्क सल्लाह प्रदान गर्न सक्छ।

तपाईले कानूनि सहायता अंग(Legal Aid body) लाई (https://www.nationallegalaid.org/for-individuals/) वा तपाईको नजिकको सामुदायिक कानूनी केन्द्र (www.naclc.org.au/directory) मा सम्पर्क गर्न सक्नुहुनेछ।

**अपवाद: यस तथ्य पत्रका जानकारीहरु केवल एक गाईडको रुपमा मात्र लक्षित गरिएको हो। यो कानूनी सल्लाहो विकल्प हैन।**